# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, भदौ ३१ गते, २०७३ साल ( संख्या २७

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना-१

नेपाल सरकारले नेपालको संविधानको धारा ३०० को उपधारा (३) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (२) बमोजिम न्याय परिषदको परामर्शमा संवत् २०७३ साल असोज ३ गते देखि लागू हुने गरी देहायका प्रदेशको देहायको स्थानमा उच्च अदालत रहने गरी तोकेको छ :-

| क्र.सं. | उच्च अदालतको नाम | उच्च अदालत रहने स्थान |
|---|---|---|
| १ | प्रदेश नम्बर १ उच्च अदालत | विराटनगर |
| २ | प्रदेश नम्बर २ उच्च अदालत | जनकपुर |
| ३ | प्रदेश नम्बर ३ उच्च अदालत | पाटन |
| ४ | प्रदेश नम्बर ४ उच्च अदालत | पोखरा |
| ५ | प्रदेश नम्बर ५ उच्च अदालत | तुलसीपुर |
| ६ | प्रदेश नम्बर ६ उच्च अदालत | सुर्खेत |
| ७ | प्रदेश नम्बर ७ उच्च अदालत | दिपायल |

320

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-२

नेपाल सरकारले न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (५) बमोजिम न्याय परिषदको परामर्शमा संवत् २०७३ साल असोज ३ गते देखि लागू हुने गरी देहायका उच्च अदालतको देहाय बमोजिम अर्को इजलास रहने गरी तोकी सोही दफाको उपदफा (४) तथा (७) बमोजिम देहाय बमोजिम प्रादेशिक अधिकारक्षेत्र समेत तोकेको छ :-

| क्र.सं. | उच्च अदालत | उच्च अदालत/उच्च अदालतको अर्को इजलास रहने ठाउँ | उच्च अदालत, उच्च अदालतको अर्को इजलासको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत रहने जिल्लाहरु |
|---|---|---|---|
| १ | प्रदेश नम्बर १ उच्च अदालत विराटनगर | विराटनगर (उच्च अदालत) | मोरङ, सुनसरी, सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा र खोटाङ |
| | | धनकुटा (अर्को इजलास) | तेह्रथुम, धनकुटा, भोजपुर र संखुवासभा |
| | | इलाम (अर्को इजलास) | झापा, इलाम, ताप्लेजुङ र पाँचथर |
| २ | प्रदेश नम्बर २ उच्च अदालत जनकपुर | जनकपुर (उच्च अदालत) | धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट |
| | | राजविराज (अर्को इजलास) | सप्तरी र सिराहा |
| ३ | प्रदेश नम्बर ३ उच्च अदालत पाटन | पाटन (उच्च अदालत) | दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, भक्तपुर, ललितपुर, काठमाडौं, सिन्धुली र रामेछाप |
| | | हेटौडा (अर्को इजलास) | मकवानपुर र चितवन |
| ४ | प्रदेश नम्बर ४ उच्च अदालत पोखरा | पोखरा (उच्च अदालत) | गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङजा र मनाङ |
| | | बाग्लुङ (अर्को इजलास) | पर्वत, मुस्ताङ, म्याग्दी र बाग्लुङ |
| ५ | प्रदेश नम्बर ५ उच्च | तुलसीपुर (उच्च अदालत) | रुकुम, रोल्पा, प्यूठान र दाङ |



60 0321
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | अदालत तुलसीपुर | बुटवल (अर्को इजलास) | नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी |
| | | नेपालगञ्ज (अर्को इजलास) | बाँके र बर्दिया |
| ६ | प्रदेश नम्बर ६ उच्च अदालत सुर्खेत | सुर्खेत (उच्च अदालत) | सल्यान, जाजरकोट, दैलेख र सुर्खेत |
| | | जुम्ला (अर्को इजलास) | डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला |
| ७ | प्रदेश नम्बर ७ उच्च अदालत दिपायल | दिपायल (उच्च अदालत) | अछाम, कैलाली, डोटी, बझाङ र बाजुरा |
| | | महेन्द्रनगर (अर्को इजलास) | कञ्चनपुर, दार्चुला, बैतडी र डडेलधुरा |

## सूचना-३

नेपाल सरकारले न्याय परिषदको परामर्शमा न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (३) बमोजिम संवत् २०७३ साल असोज ३ गते देखि लागू हुने गरी प्रदेश नम्बर १ उच्च अदालत विराटनगरको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत ओखलढुङ्गामा प्रदेश नम्बर १ उच्च अदालतको अस्थायी इजलास कायम गरी सोही दफाको उपदफा (४) बमोजिम प्रदेश नम्बर १ उच्च अदालतको प्रादेशिक अधिकारक्षेत्रभित्र रहेका सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा र खोटाङ जिल्लालाई त्यस्तो अस्थायी इजलासको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत तोकेको छ।

## सूचना-४

नेपाल सरकारले न्याय परिषदको परामर्शमा न्याय प्रशासन ऐन, २०७३ को दफा ५ को उपदफा (३) बमोजिम संवत् २०७३ साल असोज ३ गते देखि लागू हुने गरी प्रदेश नम्बर २ उच्च अदालत जनकपुरको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत वीरगञ्जमा प्रदेश नम्बर २ उच्च अदालतको अस्थायी इजलास कायम गरी सोही दफाको उपदफा (४) बमोजिम प्रदेश नम्बर २ उच्च अदालतको प्रादेशिक अधिकारक्षेत्रभित्र रहेका बारा, पर्सा र रौतहट जिल्लालाई त्यस्तो अस्थायी इजलासको प्रादेशिक अधिकारक्षेत्र अन्तर्गत तोकेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-५

नेपाल सरकारले न्याय परिषदको परामर्शमा नेपालको संविधानको धारा ३०० को उपधारा (४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम संवत् २०७३ साल असोज ३ गते देखि लागू हुने गरी न्याय प्रशासन ऐन, २०७३ प्रारम्भ हुँदाका बखत देहायका पुनरावेदन अदालतमा दायर भई छिन्न बाँकी रहेका देहायका जिल्लासँग सम्बन्धित मुद्दा, निवेदन, प्रतिवेदन, कारबाही र किनारा भइसकेका मुद्दा तथा अन्य अभिलेखहरु देहाय बमोजिमका उच्च अदालत/उच्च अदालतका अर्को इजलास/उच्च अदालतको अस्थायी इजलासमा सारेको छ :-

| क्र.सं | पुनरावेदन अदालत | जिल्ला | उच्च अदालत/उच्च अदालतको अर्को इजलास/ उच्च अदालतको अस्थायी इजलास |
|---|---|---|---|
| १ | इलाम | झापा, ताप्लेजुङ, पाँचथर र इलाम | प्रदेश नम्बर १ उच्च अदालतको अर्को इजलास इलाम |
| २ | धनकुटा | तेह्रथुम, धनकुटा, भोजपुर र संखुवासभा | प्रदेश नम्बर १ उच्च अदालतको अर्को इजलास धनकुटा |
| ३ | विराटनगर | मोरङ र सुनसरी | प्रदेश नम्बर १ उच्च अदालत विराटनगर |
| ४ | राजविराज | सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा र खोटाङ | प्रदेश नम्बर १ उच्च अदालतको अस्थायी इजलास ओखलढुङ्गा |
| | | सप्तरी र सिराहा | प्रदेश नम्बर २ उच्च अदालतको अर्को इजलास राजविराज |
| ५ | जनकपुर | धनुषा, महोत्तरी र सर्लाही | प्रदेश नम्बर २ उच्च अदालत जनकपुर |
| | | सिन्धुली र रामेछाप | प्रदेश नम्बर ३ उच्च अदालत पाटन |
| ६ | हेटौडा | रौतहट, बारा र पर्सा | प्रदेश नम्बर २ उच्च अदालतको अस्थायी इजलास वीरगञ्ज |
| | | चितवन र मकवानपुर | प्रदेश नम्बर ३ उच्च अदालतको अर्को इजलास हेटौडा |
| ७ | पाटन | दोलखा, काभ्रेपलाञ्चोक, | प्रदेश नम्बर ३ उच्च अदालत पाटन |



00 323 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, भक्तपुर, ललितपुर र काठमाडौं | |
| ८. | **पोखरा** | गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङजा र मनाङ | प्रदेश नम्बर ४ उच्च अदालत पोखरा |
| ९. | **बाग्लुङ** | पर्वत, मुस्ताङ, म्याग्दी र बाग्लुङ | प्रदेश नम्बर ४ उच्च अदालतको अर्को इजलास बाग्लुङ |
| १०. | **बुटवल** | नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी | प्रदेश नम्बर ५ उच्च अदालतको अर्को इजलास बुटवल |
| ११. | **तुलसीपुर** | रुकुम, रोल्पा, प्यूठान र दाङ | प्रदेश नम्बर ५ उच्च अदालत तुलसीपुर |
| | | सल्यान | प्रदेश नम्बर ६ उच्च अदालत सुर्खेत |
| १२. | **नेपालगञ्ज** | बाँके र बर्दिया | प्रदेश नम्बर ५ उच्च अदालतको अर्को इजलास नेपालगञ्ज |
| १३. | **सुर्खेत** | जाजरकोट, दैलेख र सुर्खेत | प्रदेश नम्बर ६ उच्च अदालत सुर्खेत |
| १४. | **जुम्ला** | डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला | प्रदेश नम्बर ६ उच्च अदालतको अर्को इजलास जुम्ला |
| १५. | **दिपायल** | अछाम, कैलाली, डोटी, बझाङ र बाजुरा | प्रदेश नम्बर ७ उच्च अदालत दिपायल |
| १६. | **महेन्द्रनगर** | कञ्चनपुर, दार्चुला, बैतडी र डडेलधुरा | प्रदेश नम्बर ७ उच्च अदालतको अर्को इजलास महेन्द्रनगर |

## सूचना-६

नेपाल सरकारले न्याय परिषदको परामर्शमा न्याय प्रशासन ऐन, २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम नेपालको संविधान बमोजिम दुईवटा प्रदेशमा विभाजन भई सिमाङ्कन यकिन भई नसकेका नवलपरासी र रुकुम जिल्ला भित्रको न्याय प्रशासन ऐन तथा प्रचलित कानून बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला अदालतबाट शुरु कारबाही र किनारा हुने वा पुनरावेदन सुन्ने मुद्दा त्यस्ता जिल्लाको सिमाङ्कन यकिन नभएसम्मको लागि साबिक बमोजिम नवलपरासी जिल्ला अदालत र रुकुम जिल्ला अदालतबाट कारबाही र किनारा हुने गरी तोकेको छ ।

आज्ञाले,

**टेकप्रसाद ढुङ्गाना**

नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमामुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३

325 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार